# पत्रकार महिलाहरू बढ्दैछन् धनकुटामा पनि
नैन विश्वकर्मा

'नमस्कार ! हामी सामुदायिक संचार केन्द्र डाँडाबजारबाट बोलिरहेका छौं ।' भनेर माइकबाट घन्किने महिला आवाज तपाईं हरेक शनिबार १ बज्नेबित्तिकै डाँडाबजारबाट सुन्न सक्नुहुन्छ । त्यहाँ संचालित अडियो टावरमा सुरुको उद्घोषणपछि आउने गाउँघरको खबर, बाल कार्यक्रम, महिला कार्यक्रम होस् या विभिन्न भाषाभाषीको कार्यक्रम नै किन नहोस् प्रायः सबै कार्यक्रम महिला संचारकर्मीहरूले संचालन गर्ने गरेका छन् । २०५४ सालदेखि प्रसारित अडियो टावरमा प्रत्यक्ष या अप्रत्यक्ष रूपमा झन्डै १५ जना महिला सामुदायिक संचारकर्मीको रूपमा सहभागी रहेका छन् । अडियो टावर संचालक संस्था आत्मनिर्भरताका लागि कार्य समूह (आ.का.स.) डाँडाबजारका बुद्धि कटुवाल भन्नुहुन्छ( अडियो टावरका सम्पूर्ण संचारकर्मीहरूमध्ये झन्डै ८० प्रतिशत महिलाहरू नै रहेका छन् ।

त्यसैगरी चौबीसे भेकमा प्रकाशन भएका कुनै पनि भित्तेपत्रिका हेर्नुस्, धेरैजसो पत्रिकाहरू महिलाहरू आफैं अग्रसर भएर प्रकाशन गरेको पाउनुहुनेछ भने अरू पत्रिकाहरूको सम्पादन समूहमा पनि धेरैजसो महिलाहरूकै सहभागिता रहेको पाइन्छ । आधा आकाश ओगटेका महिलाहरूको पीडा महिलाहरूलाई नै बढी थाहा हुने भएकाले उनीहरूसँग सम्बन्धित कुरा लेख्न महिलाहरू नै बढी अग्रसर हुन जरुरी छ( डाँडाबजार( २ की अडियोटावर उद्घोषिका दुर्गा रैका बताउनुहुन्छ । त्यसैले पनि आफू संचार क्षेत्रमा सक्रिय भएको उहाँको भनाइ छ ।

धनकुटाजिल्लाको चौबीसे भेक सामुदायिक संचारकर्मीहरूको उर्वरभूमिभन्दा फरक पर्दैन । यो भेकमा पर्ने कुरुले, तेनुपा, बसन्तटार, राजारानी, मुढेवास, मौनाबुधुक, भेडेटार, महाभारत, डाँडाबजार, फाक्सिब, बुढीमोरङ आदि गाविसहरूमा विभिन्न नामका भित्तेपत्रिकाहरू निरन्तर रूपमा प्रकाशन हुने गरेका छन् । गाउँमा गठन भएका विभिन्न संघसंस्थाहरूले प्रकाशन संस्था गठन गरेर भित्रेपत्रिकाहरू प्रकाशन गर्ने गरेका छन् । उता छापा पत्रिकाको रूपमा आ.का.स. डाँडाबजारबाट गाउँको कुराकानी नामक गाउँले पत्रिका प्रकाशन पनि नियमित रूपमा भइरहेको छ । चाहे समूहगत रूपमा होस् या व्यक्तिगत रूपमा, जुन रूपमा प्रकाशन भए पनि यस्ता संचारमाध्यमहरूमा महिला सहभागिता भने उल्लेखनीय रहेको छ । भेडेटारकी कल्पना मगरको अनुभव छ( आखिरमा महिलाहरूले पनि हिम्मतका साथ लाग्ने हो भने पत्रकार बन्न सकिँदोरहेछ ।
डाँडाबजार(६ की विमला लिम्बुलाई पहिले(पहिले यस्ता स्थानीय संचारमाध्यमहरूप्रति त्यति रुचि र ज्ञान थिएन । तर १(२ वटा तालिममा सहभागी भएपछि भने उनमा पत्रकारिताप्रति धेरै चासो बढ्यो । त्यसपछि उनले पत्रिकाको महत्व पनि बुझ्न थालिन् भने लेख्न पनि सिकिन् । सुरुमा त म भित्तेपत्रिका भनेको के हो, के हो भन्ने ठान्थें तर जब यसको महत्व बुझें, अहिले आफैं अग्रसर भएर महिला आवाज नामको भित्रेपत्रिका निकाल्न थालेकी छु । विमला आफ्नो अनुभव सुनाउँछिन् । यसले गर्दा यस भेकका महिला संचारकर्मीहरूको आत्मविश्वास अरू बढेर गएको छ भने अर्कातिर लेखन सीपमा समेत उल्लेखनीय विकास भएको छ । कुरुले तेनुपा(७ की यज्ञकुमारी रुचाल भन्नुहुन्छ( पत्रकारितामा नलागेको भए सायद मलाई एउटा चीसम्म पनि लेख्न आउने थिएन होला । तर, मलाई पत्रकारिताप्रतिको रुचिले गर्दा नै एकातिर जिज्ञासु बनाएको छ भने अर्कोतिर समुदायसँग राम्ररी परिचित हुने मौका पनि मिलेको छ ।

चौबीसे भेकमा सामुदायिक संचारको सुरुवात २०५२ सालदेखि नै भएको हो । यो क्षेत्रमा संचारको सुरुवातसँगै महिलाहरूको सहभागिता पनि उल्लेखनीय रहेको देखिन्छ । आ.का.स. डाँडाबजारका सचिव भवानी घिमिरे भन्नुहुन्छ( यस क्षेत्रमा निस्कने ३५( ४० वटा भित्तेपत्रिकामध्ये १५(२० वटा त महिलाहरूले मात्र निकाल्ने गरेका छन् । सबै पत्रिकाहरूमा गरी करिब १०० जना जति महिला संचारकर्मीको सहभागिता रहेको हाम्रो संस्थामा रहेको रेकर्डले देखाउँछ ।

यसरी चौबीसे भेकका थुप्रै संचारकर्मीहरूलाई तालिम, गोष्ठी आदिको माध्यमबाट समन्वय गरी प्रोत्साहन गर्ने काम आ.का.स. डाँडाबजारले नै गरिरहेको छ । यस्ता संचारकर्मीहरूमार्फत् समुदायलाई साक्षर बनाउने उद्देश्यले सामुदायिक साक्षरता परियोजना (ऋीए) ले विभिन्न किसिमका सहयोगहरू गर्ने गरेको छ । यसमा पनि पहिलो प्राथमिकता महिलाहरूलाई दिने गरिएकाले पनि संचारमा महिला सहभागिता वृद्धि भएको हो । हामीले केवल प्रोत्साहन गर्ने काम मात्र गरिरहेका छौं । अन्य सबै काम महिला आफैं अग्रसर भएर गरिरहेका छन्( फाक्सिब निवासी आ.का.स.का उपाध्यक्ष यज्ञबहादुर लिम्बुको भनाइ छ ।

सिंगो राष्ट्रमा पत्रकारितामा महिलाहरूको सहभागिता हेर्ने हो भने औंलामा गन्न सकिने अवस्थामा रहेको स्थितिमा यो क्षेत्रमा संचारमाध्यममा महिलाको सहभागिता उल्लेख्य रूपमा रहनुलाई सकारात्मक नै मान्नुपर्छ । तर, करिब ७ वर्षअघिदेखि सामुदायिक संचारमाध्यममा सक्रिय रहनुभएकी दुर्गा रैकाको दुःखेसो भने यस्तो छ( यतिका वर्ष संचारकर्मी भएर काम गरिसकियो तर यसलाई भोको पेटले निरन्तरता दिनचाहिँ कठिन हुँदै गएको छ । अर्थात् आफूहरूसँग भएको संचारसीपले आफ्नो जीविकोपार्जनचाहिँ हुनुपर्छ भन्ने प्रायः सबै महिला संचारकर्मीहरूको माग रहेको छ ।

## अन्तरजातीय विवाहले अपहेलित बनेका महिलाहरूको साहस
शशिधर भण्डारी

आजभन्दा दुई वर्षअगाडि प्यूठान जिल्लाको ओखरकोट(६ दारिमचौरकी वसन्ता खड्काले कपिलवस्तु जिल्ला कोपवा गाविस(६ का दीपक परियारसँग प्रेमविवाह गरिन् । त्यसपछि उनी समाजमा बद्नाम केटीका रूपमा चिनिन थालिन् । नर्सको जागिर गर्ने वसन्ता अहिलेसम्म माइतीमा गएकी छैनन् । किन माइतीमा नजानुभएको त ? भनेर प्रश्न गर्दा गहभरि आँसु पार्दै वसन्ता भन्छिन्( मलाई अछुत जातसँग विवाह गरेकी भनेर सबैले निन्दा गर्दछन् । ममाथि अछुतकै व्यवहार गर्ने गरिन्छ । त्यसैले धेरै असजिलो लागिरहेको छ र गएकी छैन । पछि कुनै समस्या पर्दा माइतीको गुहार चाहिएमा के गर्नुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा अहिले हामी दुई दम्पतीका बीचमा राम्रो प्रेम छ, प्रेमविवाह भएका कारणले जिन्दगीमा त्यस्तो मनमुटाव होला जस्तो लाग्दैन । यो हामी दुईबीचको सफल प्रेम सम्बन्धले जगाएको सामाजिक संस्कारका विरुद्धको विद्रोह पनि हो । यो पहिलो कुरा हो भने दोस्रो कुरा आत्मनिर्भर भएर बाँच्न सक्छु भन्ने विश्वास पनि हो ।

प्यूठानकै माफ्ककोट गाविस(८ बडिचौरकी मेनुका भण्डारीले करिब दश वर्षअगाडि आफ्नै गाउँका मगर जातका फ्रगिन्द्रबहादुर वैजालीसँग प्रेमविवाह गरिन् । छोरीले मगरसँग प्रेमविवाह गरेपछि माइती आफ्नो कुलको इज्जत गएको महसुस गरे । केही समय त मेरो सबैले कुरा काटे । मलाई पनि सुरुमा माइतमा कसरी जाने होला भन्ने लाग्यो । तर, अहिले विस्तारै राम्रो गर्न थालेका छन् । तर पनि बुबाआमाले विवाह गरिदिएको घर नहुनाले माइतमा दुःख देखाउन जान नपरे हुन्थ्यो, पछि के हुने हो अहिलेसम्म त ठीकै छ भन्छिन् मेनुका । आफ्नै माइती दाजुहरूको बलमा आफ्नो वडामा चुनाव जितेर महिला प्रतिनिधिसमेत भइसकेकी मेनुकालाई दाजुभाइहरू प्रगतिशील विचारका देख्दा निकै भरोसा पनि लाग्छ रे ! अन्यथा कर्ममा विश्वास गर्ने मेनका कमिलाले त जीउ पाल्छ भने म के भएकी छु र भन्छिन् । विचारमा कति पनि हीनता छैन । बरु साहसको थुप्रो छ उनीसँग ।

सोही जिल्ला खलंगा बजारकी नाम बनाउन नचाहने एकजना श्रेष्ठ थरकी महिलाले नेवार सम्प्रदायभित्र दलित भनेर चिनिने केटासँग प्रेमविवाह गरेबापत उनी अहिले माइती कुलबाट बहिस्कृत हुन पुगेकी छिन् । उनलाई पनि संकोच र पश्चाताप छैन । आफ्नो निर्वाह जसरी पनि चलाउने दृढता र साहस छ उनीसँग पनि ।

पाटनढोका भिश्वापालकी रिता डंगोलको व्यथा पनि भन्डै मेनकाकै जस्तो छ । रिता डंगोलले २०५४ साल माघमा धादिङ जिल्ला पिंडा गाविस(५ बस्ने विष्णु भण्डारीसँग प्रेमविवाह गरिन् । विष्णु भण्डारी साना जातिका नभए पनि नेवारहरूको आफ्नो संस्कार या फरक पहिचान देखाउने हुनाले रिता पनि विवाहपश्चात् अवहेलनाको सिकार भइन् । तीन वर्षसम्म माइतमा जाँदै नगएकी रिता केही महिनाअगाडिबाट मात्र माइत जान थालेकी हुन् । अहिले उनलाई आमा, बुवा, दाइ, भाउजू सबैले राम्रो गर्दछन् तर पनि आमाबाबुको इच्छाविपरीत हिँडेकोले आफ्ना दुःख र वेदनालाई पोख्न माइतमा जान नपरोस् भन्ने प्रार्थना गर्छिन् रिता भगवान्सँग । भनेजस्तो श्रीमान् पाएकोमा रिताले हर्ष प्रकट गर्दै जस्तै संकट परे पनि पढेलेखेकी छु, केही न केही गरुँला भनेर साहसकै पोको फुकाउँछिन् उनी ।

एघार वर्ष पहिले भद्रकाली गाविस(५ काठमाडौंकी रेणु महर्जनले काठमाडौंकै गागलफेदी गाविस( ५ का ज्ञानबहादुर लामासँग अन्तरजातीय प्रेमविवाह गरिन् । अहिले पनि दाजुहरूबाट तिरस्कृत नै भएकी रेणुले आमाबुबा र दिदी(भाउजूहरूसँग भने सम्बन्ध बढाएकी छिन् । तैपनि केही नचले गाउँमा गएर पाखो बारी खनेर भए पनि जीवन चलाउने आँट देखाउँछिन् उनी पनि । यसैगरी रोल्पाको खुंग्री गाविसकी एकजना महिला र अर्घाखाँचीकी अर्की एउटी महिलाले दलितसँग विवाह गरेको पीडालाई सोध्न खोज्दा भक्कानिए तर बताउन सकेनन् ।

यसरी हाम्रो समाजमा रहेको सामाजिक कुसंस्कार उँचो(निचो जात भन्ने अन्धविश्वासले समाजका महिलाहरूलाई बढी असर पुऱ्याइएको छ । यस्तै प्रकारका मुद्दाहरू अहिले पनि मुलुकमा विद्यमान भए पनि प्रकाशमा आउनसकेका छैनन् । आफ्नो भावना मिल्नेसँग प्रेमविवाह गर्नु के अपराध त होइन । तर पनि यस्ता घटनालाई समाजले अफै अपराधजस्तै ठान्दछ । केही महिलाहरूले साहस देखाए तापनि एउटा वेदनाले त उनीहरूलाई खेदिरहेको देखिन्छ ।

## महिलाले गर्न नसक्ने काम के छ र ?
बबिता बस्नेत

विगत दुई दशकयता नेपालमा महिला उद्यमीहरूको संख्या बढ्दै गइरहेको छ । कति संख्यामा महिलाहरू उद्योग व्यवसायमा संलग्न छन् भन्ने निश्चित तथ्यांक नभए पनि ७ हजारको हाराहारीमा महिला उद्यमी रहेको अनुमान गरिएको छ । यसमध्ये केही उद्यमीहरू घरेलु तथा साना उद्योग संघसँग आबद्ध छन् भने केहीचाहिँ महिला उद्यमी संघसँग सम्बद्ध रहेका छन् । यसमध्ये केही महिला उद्यमीहरू भने कुनै पनि व्यावसायिक संघसंस्थामा आबद्ध नभई स्वतन्त्र रूपले काम गरिरहेका छन् । अन्य पेसामा जस्तै उद्योग(व्यवसाय क्षेत्रमा पनि महिलाको न्यून सहभागिता रहेको छ । ठूला(ठूला उद्योग व्यवसायमा

महिलाहरूको पहुँच अत्यन्तै कम छ । धेरैजसो महिलाहरूले घरेलु तथा साना व्यवसाय सञ्चालन गर्दै आएका छन् । महिलाहरू उद्योग व्यवसायमा संलग्न नहुनुको प्रमुख कारण आर्थिक कमजोरी नै हो । ठूलो व्यवसायमा हात हाल्न आफूसँग पैसा नभएकै कारण साना व्यवसायमा उनीहरू आकर्षित भएका छन् । सूचनाको पहुँचमा कमी, जनसम्पर्क तथा प्रशिक्षण र प्राविधिक दक्षताको अभाव यस क्षेत्रमा खड्किएका विषय हुन् । तर पनि घरेलु तथा साना उद्योगमा संलग्न महिला उद्यमीहरूले चलाएका व्यवसायहरूमार्फत् करिब ३५ हजार महिलाले रोजगारी पाएका छन् ।

कुनै दिन घरभाडा तिर्न धौ(धौ परेपछि यस्तै तरिकाले त कसरी जिन्दगी चलाउन सकिएला भन्ने सोची जीवनयापनका लागि सानो पसल थापेर व्यवसायमा हात हालेकी मीरा अधिकारी अहिले लाखौं कारोबारको मालिक भएकी छिन् । सुनसरीको इनरुवामा जन्मिएर लाहानमा विवाह भएपछि श्रीमान्को जागिरको सिलसिलामा २०४१ सालमा उनी काठमाडौं आएकी थिइन् । श्रीमान्को तलबले घर चल्ने नदेखेपछि मैले ग्याँस डिपो राखें, त्यतिबेला मसँग जम्मा दश हजार रुपैयाँ मात्रै थियो( मीरा भन्छिन् । पछि पसलमा सामानहरू बढाउँदै गएपछि होम डेलिभरी सर्भिसको सुरुवात पनि गरिन् उनले । काठमाडौंमा त्यतिबेला घरघरमै सामान पुऱ्याउने चलन नै थिएन । दाल, चामल, मसला, तरकारीजस्ता खाद्य सामग्रीहरू म केलाईवरी सफा पारेर घरघरमा पुऱ्याउँथें(उनी भन्छिन् । किराना पसलबाट फाइदा हुँदै गएपछि उनले काठका सामानहरूको व्यापार पनि गरिन् । जुत्ताको फर्मा (खुट्टाको नाप लिएर बनाइने साँचो) बनाउने त नेपालमा म नै एक मात्र उद्यमी हुँ भन्दै मीरा अधिकारी भन्छिन्( यसको बजार अहिले नेपालका प्रायः सबै जुत्ता कारखानालगायत भारतमा पनि त्यत्तिकै छ । यो व्यवसाय सञ्चालन गरेर उनले केही महिला र पुरुषहरूलाई रोजगारी दिएकी छिन् र पशुपति प्लाजामा फेन्सी स्टोर पनि सञ्चालन गरेकी छिन् । विगतलाई नियाल्दा हिम्मत गरेर महिलाले गर्न नसक्ने कुनै व्यवसाय नभएको निष्कर्ष उनको छ । कुनै दिन घरभाडा तिर्न गाह्रो पर्ने उनको अहिले काठमाडौंमा निकै राम्रो घर छ । आफ्ना दुई छोराहरूलाई राम्रो बोर्डिङ स्कुलमा पढाएकी छिन् र व्यापार( व्यवसाय पनि फस्टाउँदो छ । मेहनत र लगनशीलता नै सफलताको कारक देख्ने मीरा भन्छिन्( यो १९ वर्षमा दिनभरि सुतेको या घरमा बसेर आराम गरेको सम्झना नै छैन ।

महिला उद्यमी संघ (विन) मा विभिन्न उद्योगका ७५ जना महिला उद्यमीहरू सदस्य रहेका छन् । जसमा हातले बुनेर बनाइएका सामानहरूदेखि लिएर अचार, मस्यौरा, तितौरा बनाउने उद्योग हुँदै प्रेस चलाउने, पर्यटन तथा होटल व्यवसाय, च्याउको उत्पादन, काठका सामानहरूको उत्पादन, कपास तथा ढाकाबाट निर्मित वस्त्रहरू, ब्युटीपार्लर आदि व्यवसायसँग संलग्न महिलाहरू रहेका छन् । घरेलु तथा साना उद्योग संघ, महिला उद्यमी संघलगायतका संस्थाहरूले महिलालाई सीप विकास तालिमहरू दिँदै आएका छन् ।

सीप विकाससम्बन्धी तालिम तथा प्रशिक्षणले मानिसको जीवनमा कति फरक पार्छ भन्ने कुराको उदाहरण नै हुन्( अर्की उद्यमी रेखा अर्याल । गृहणीहरूका लागि व्यवसाय विषयक विनकै एउटा तालिममा भाग लिएपछि उनले आफैंले केही गर्ने अठोट लिएर स्वीटर बुन्ने व्यवसायको सुरुवात गरेकी हुन् । ५ हजारको लागतबाट सुरु गरिएको उनको व्यवसायमा अहिले ७ लाखको त मेसिनहरू मात्रै छन् । करिब ५० जनाले रोजगारी पाएका छन् । काम गर्दै गएपछि हिम्मत बढ्दोरहेछ( रेखा भन्छिन्( पहिला हातले स्वीटर बुनेर आफन्त तथा चिनजानका व्यक्तिहरूलाई बेच्दा अप्ठ्यारो पनि लाग्थ्यो, अहिले एक सयभन्दा बढी स्कुल र केही सुरक्षा कम्पनीहरूले मेरै उद्योगका स्वीटरहरू प्रयोग गर्छन् । मानिसले आफ्नो पहिचान आफैं बनाउनुपर्छ भन्ने मान्यता राख्ने रेखा अर्यालको अनुभवमा महिला आफू आत्मनिर्भर हुनु र नहुनुमा निकै फरक पर्छ । यसै सन्दर्भमा मीरा अधिकारीको भनाइ छ( आफ्नो कमाइमा बाँच्नुको गौरव नै अर्को हुन्छ । आर्थिक रूपले सशक्त महिलाहरूलाई हेर्ने सामाजिक दृष्टिकोण पनि निकै सकारात्मक छ ।

आफ्ना उत्पादनहरूले उचित बजार र मूल्य नपाउनु महिला उद्यमीहरूको अर्को समस्या हो । कतिपय महिला उद्यमीका उत्पादनहरू जापान, हङकङ, अमेरिका आदि मुलुकहरूसम्म पुग्ने गरेका छन् । तर कतिपय उत्पादनहरू भने राजधानीसम्म पनि पुग्न सकेका छैनन्, स्थानीय बजारमै सीमित छन् । स्वदेशी सामानको प्रयोग गर्ने बानी बसाल्नु यो समस्या समाधानको मुख्य उपाय हो । यसका लागि राज्यले नै बाहिरबाट आउने कतिपय सामानहरूमा रोक लगाउनुपर्छ( रेखा अर्याल भन्नुहुन्छ । उहाँ महिला उद्यमी बजारीकरण सहकारी संस्थाको कार्यसमितिमा रहेर महिलाका उत्पादनलाई बजार खोजिदिने काममा पनि जुट्नुभएको छ ।

अहिले महिला उद्यमीहरूले साना व्यवसायलाई बढावा दिने खालको छुट्टै नीतिको माग पनि गर्दै आएका छन् । अहिले आर्थिक क्षेत्रमा महिलाको सहभागिता बढ्ने परिस्थिति सिर्जना भइरहेको छ । यसमा लगनशीलतापूर्वक लागिपरेका महिलाहरूले राम्रो सफलता पाएका छन्( शान्ति चट्ढाको भनाइ छ । उहाँ महिला उद्यमी संघकी अध्यक्ष हुनुहुन्छ । सन् १९७० को दशकदेखि महिलाहरू उद्यमी बनेर विभिन्न व्यवसायप्रति आकर्षित भएका देखिन्छन् । महिलाहरूमा आत्मनिर्भरताको चाहना र मुलुकमा बढ्दो बेरोजगारीले सानोतिनो व्यवसाय गर्न बढी प्रेरित गरेको देखिन्छ । महिलाहरूमा पुरुषमा भन्दा बढी सीप लुकेको महसुस गर्नुहुने उद्योग व्यवसायी राजेन्द्र खेतान भन्नुहुन्छ( महिलाहरूमा लुकेको सीपलाई फैलाउनका लागि राज्यले उनीहरूलाई विशेष संरक्षण दिनुपर्छ । महिला उद्यमीहरूलाई प्रोत्साहन गर्नका लागि बेग्लै उद्यमी परिषद् बन्नुपर्छ जसले महिलाका उत्पादनहरूलाई

व्यवस्थित गर्न सकोस् । आर्थिक क्षेत्रमा महिलाको सहभागिताले उनीहरूलाई आत्मनिर्भर मात्र बनाउँदैन परिवार, समाज र राष्ट्रलाई नै महत्वपूर्ण योगदान पुर्‍याउँछ भन्ने कुरा सबै पक्षले बुझ्न जरुरी छ ।

**बदलिँदो छ ग्रामीण महिलाको जीवनशैली**
गोकुल बास्कोटा

विकास भनेको के हो ? जवाफमा बन्दुकको नालबाट छुटेको गोलीजस्तै जवाफ बर्सन्छ( स्वस्थ मान्छे, शिक्षित मान्छे, समृद्ध मान्छे र सुरक्षित मान्छे । एउटा विकासे कार्यकर्ताले दिने परिभाषा दिन सक्षम हुँदै गएका छन्( बालुवापाटी देउपुर गाविसका महिलाहरू आजभोलि ।
सात वर्षअघिसम्म त्यस गाविसका महिलाहरूको दिनचर्या अधिकांश ग्रामीण महिलाको जस्तै घरधन्दा गर्ने, मेलापात जाने र घरका श्रीमान्ले अह्राएखटाएको काम गर्ने हुन्थ्यो । आजभोलि पनि त्यो काम त उनीहरूले छाडेका छैनन्, तर उनीहरूमा एउटा सामाजिक क्रान्ति नै आएको छ( त्यो के भने उनीहरू प्रत्येक हप्ता सामूहिक रूपमा आफ्नो टोलमा भेला हुन्छन्, त्यहाँ उनीहरू पारिवारिक समस्या मात्र होइन, सामाजिक समस्याबारे चर्चा गर्छन्, विकासका कुरा गर्छन्, आर्थिक उपार्जनको कुरा गर्छन्, शिक्षाको कुरा गर्छन्, परिवार स्वास्थ्यको कुरा गर्छन्, सामाजिक कुसंस्कारको कुरा गर्छन् र तिनको निदानका बारेमा छलफल चलाउँछन् ।
तल्लो स्तरको सामाजिक जीवनमा सुधार ल्याउन महिलाहरू संगठित भएका छन् । उनीहरूले दर्जनौं महिला समूह बनाएका छन् जहाँ उनीहरू प्रत्येक महिना निश्चित रकम जम्मा गर्छन् । र, समूहकै सदस्यमाझ बिनाधितो आयआर्जनका साना योजनामा सस्तो ब्याजमा जम्मा भएको रकम लगानी गर्छन् ।

बालुवापाटी(२ की भीममाया तामाङ भन्छिन्( समुदायमा आधारित आर्थिक संकलन र परिचालन गर्दा हामी सानातिना आयआर्जनका काममा लगानी गर्न साहूको चर्को ब्याजको सामना गर्ने झन्झटबाट मुक्त भएका छौं । उनी पञ्चकन्या समूहकी मेनेजर पनि हुन् ।
नगरकोटजस्तो पर्यटकीय ठाउँ भएर पनि त्यहाँका अधिकांश जनताको आयस्तर साह्रै न्यून छ । हामी हाम्रा खेतबारीमा मकै र कोदो रोप्थ्यौं, जसले वर्षदिन धान्न सकिन्थ्यो, तर अहिले जाँगरिला महिलाका लागि आफ्नो थोरै जमिनबाट आम्दानी लिन त्यति गाह्रो छैन ।
त्यही गाविस(७ की मुना गुरुङ भन्छिन्( महिलाहरूको आर्थिक उपार्जनका कार्यमा क्रान्ति नै भएको छ । त्यति मात्र कहाँ हो र ? हामी मातृशिशु स्वास्थ्य, शिक्षाबारे पनि समूहमा संगठित भएपछि सचेत भएका छौं ।

समूहमा आधारित महिला विकासका लागि जिविस काभ्रेले स्थानीय विकास कोष नै खडा गरेको छ । सुरुमा समूहले जति रकम संकलन गर्‍यो, त्यति नै रकम स्थानीय विकास कोषले उपलब्ध गरायो । गुरुङ भन्छिन्( अहिले हामी ऋण लगानी र उठ्तीको हिसाब पनि आफैं गर्छौं ।
बालुवापाटी(६ कि सम्झना बस्ताकोटी जो सामाजिक परिचालिका हुन्, उनी भन्छिन्( अहिले यो गाविसमा १४ वटा महिला समूह छन् र ती समूहले आयआर्जनको कार्यमा १० औं लाख रुपैयाँ सामुदायिक रूपमा लगानी गरेका छन् । यसले उनीहरूमा आर्थिक स्थितिमा सुधार हुनुका साथै अनौठो मानसिक विकास भएको छ ।

प्रत्येक समूहमा १५(३५ जनासम्म महिला संगठित भएको र तिनीहरूले प्रत्येक हप्ता ५(१० रुपैयाँ समूहमा बचत गर्ने गर्दछन्( सामुदायिक परिचालिका साइमाया विक बताउँछिन् ।
गाउँको ६ हजार ५ सय जनसंख्यामध्ये ३ हजार २ सय २० महिला छन् । जिविस काभ्रेले सञ्चालन गरेको स्थानीय विकास कोषका अधिकृत गोपाल पौडेल भन्छन्( यस्ता संस्थाहरूको गठन र परिचालन ऋण दिने र खाने मात्र उद्देश्यले भएको होइन, यो त आर्थिक उपार्जनका साथ सामाजिक विकासमा महिलाहरूको बहुआयामिक भूमिका विकास गर्ने उद्देश्य पनि यसमा निहित छ । उनका अनुसार जिल्लाका ९५ गाविसमध्ये २८ वटा गाविसमा यो कार्यक्रम सञ्चालित भएको छ ।
कृषि, पशुपालन, बेमौसमको तरकारी उत्पादन, साना गाउँले पसल सञ्चालनजस्ता क्षेत्रमा यी समूहहरूले रकम लगानी गर्दछन् ।

लगानी गर्ने पनि आफैं ब्याज तिर्ने पनि आफैं र टोलछिमेककै मानिस भएकाले एउटा विषयमा ऋण लिएर अर्को प्रयोजनमा खर्च हुने पनि गर्दैन र ऋण डुब्ने सम्भावना पनि अत्यन्त कमै रहने गरेको अनुभव आफूसँग रहेको कुरा पौडेल बताउँछन् ।
भाग्यमा होइन मेहनतमा विश्वास गरौं भन्ने भावना जागृत गर्न र भौतिक विकास मात्र होइन, मानवीय विकास गर्न जनशक्तीकरणको एउटा अभियानका रूपमा आफूले यस्तो योजनाको परिकल्पना गरेको र त्यसको संस्थागत विकासका लागि डोनर एजेन्सीहरूलाई समेत सम्मिलित गराएको कुरा काभ्रे जिविसका पूर्वसभापति कृष्णप्रसाद सापकोटा बताउँछन् ।
उनी भन्छन्( समाजमा व्याप्त लैंगिक असमानतालाई चुनौती दिने एक मात्र माध्यम आयआर्जनमा महिलाको पहुँच हो । आधा

जनसंख्या ढाक्ने महिलाले कुरा नबुझ्दासम्म विकासका प्रयास नै असफल हुने उनको धारणा छ । यसै कारण आफूले आफ्नो कार्यकालमा यसप्रकारको कार्यक्रमलाई विशेष जोड दिएको दाबी सापकोटा गर्छन् ।

पहिला मिटिङ, भेला र बैठक भन्ने कुरा थाहै नपाएका बालुवापाटीका महिला आजभोलि ती कुरामा अभ्यस्त भइसकेका छन् । उनीहरू बहस गर्न न त लजाउँछन् न त धकाउँछन् नै । तामाङ बाहुल्य भएको सो गाउँका महिलामा अहिले सामाजिक जागरण र आर्थिक जागरण छ ।
बालविकास तथा महिलाका लागि सो गाविसमा लागू भएको कार्यक्रम र त्यसमा महिलाहरूको सक्रिय सहभागिताका कारण अहिले त्यहाँका महिलालाई आफ्नो गाविसको जनसंख्या, साक्षरता संख्या, विद्यालय नजाने बालबालिकाको संख्या, खोप नलिने बालबालिकाको संख्या, ट्वाइलेट नभएका घर, कुपोषण लागेका बालकको संख्याजस्ता कुराहरू पनि मोटामोटी रूपमा गाउँभरिकै थाहा हुन्छ । गाविसको केन्द्रमा रहेको सूचनापाटीमा त्यस्ता सूचना अद्यावधिक गरिएका छन् ।
गाविसको माथ्लो भाग युरोपजस्तै लाग्छ, तर तल्लो भाग निकै पिछडिएको थियो । अहिले धेरै परिवर्तन आएको छ गाउँले महिलाको सोचाइमा( बालुवापाटी(३ का होमनाथ ढकाल भन्छन् । पहिला हाम्रो सोच विकास भनेको कुलो, बाटो, खानेपानी, बत्ती मात्र हो भन्ने थियो, तर सामाजिक जागरण र चेतना नै विकास रहेछ भन्ने कुरा त भर्खरै बुझ्न थालियो । जे होस् बत्तीमुनिको अँध्यारो गाउँ भएको बालुवापाटीमा अहिले बेग्लै प्रकारको सामाजिक जागरणको विकास फस्टाउँदै छ । महिलाहरू नै सक्रिय बनेका छन् जसले उनीहरूको जीवनशैलीमा विस्तारै तर सकारात्मक परिवर्तन ल्याइरहेको छ ।

## युद्धबाट पीडित महिलाहरू भन्छन्( अब कोही पनि नमारिऊन्

प्रेम दाहाल

सरकार(माओवादीका बीचमा जारी रहेको शान्तिवार्तामा गरिरोध उत्पन्न भएपछि चिन्तित बनेकी ५२ वर्षीया सीता दाहाल पछिल्लोपटक सरकारले लेखेको पत्रको जवाफ माओवादी पक्षले पठाएपछि हर्षित बनेकी छिन् ।

सिन्धुली जिल्लाको पुरानो झाँगाझोली गाविस घर भएकी दाहालको सहाराका रूपमा रहेका छोरा र छोरी दुवै माओवादीका नाममा मारिए । विधवा भएकै कारणले पहिला पनि सामाजिक समस्याहरू झेल्दै आएकी दाहाल भन्छिन्, ‘मेरी छोरीलाई सरकारले गोली ठोकेर मार्‍यो, छोरा मीनकुमारलाई औषधि नगरिदिएर मार्‍यो । मैले यसरी छोरा(छोरी गुमाए पनि अब अरू दिदीबहिनीले गुमाउनुनपरोस् ।’

आफ्नो गाउँमा कोही पनि साहारा नभएपछि बाध्य भएर उनी काठमाडौंमा बस्दै आएकी बहिनीको साथमा छिन् । उनको घर त्यतिबेलै प्रहरीले आगो लगाएर खरानी बनाइदिएको थियो । त्यस्तै सुराकी गरेको आरोपमा आफ्नैअगाडि माओवादीले श्रीमान्को हत्या गरेको बीभत्स दृश्य देखेकी रोल्पा मिरुलकी ४५ वर्षीया मनमाया पुन फेरि यस्ता कहालीलाग्दा घटनाहरू नदोहोरियून् भन्ने कामना गर्छिन् । गएको माघ १५ गते छिमेकीबाट सरकार(माओवादी दुवैले युद्धविराम गरेको समाचार सुनेपछि उनी खुशी भइन् । उनी यतिबेला ८ वर्षदेखि जारी रहेको हत्या, हिंसा र आतंक पछिल्लो पटक सरकारले माओवादीलाई लेखेको पत्रको जवाफ सुनेपछि युद्ध सदाका लागि समाप्त हुने कुरामा ढुक्क छिन् ।

देशमा नयाँ जनवादी राज्यसत्ता स्थापना गर्ने उद्देश्यका साथ २०५२ सालको फागुन १ गतेदेखि थालिएको माओवादी संघर्षका कारण अहिलेसम्म झन्डै दश हजार नेपाली नागरिकले ज्यान गुमाइसकेका छन् । माओवादीको संघर्ष र त्यसलाई नियन्त्रण गर्न राज्यपक्षबाट थालिएको प्रतीकारात्मक कारबाहीका नाममा अहिलेसम्म चार सय महिला मारिएका छन् । यस क्रममा राज्यपक्षबाट ३ सय १७ र माओवादी पक्षबाट ४८ जना महिला मारिएका छन् भने बाँकी दुवैको बीचमा भएको दोहोरो भिडन्तमा मारिएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को तथ्यांकले देखाएको छ ।

विश्व मानव अधिकारवादी तथा महिलावादी संघसंस्थाहरूले नेपालमा महिलामाथिको हिंसा तथा हत्याका घटनाहरू बढेकोमा चिन्ता व्यक्त गर्दै त्यसलाई तत्काल रोक्न सरकार(माओवादी पक्षलाई आह्वान गर्दै आएका थिए । यता मानवअधिकारवादी र महिलाअधिकारवादी संघ(संस्थाले गरेको आह्वानलाई माओवादी अध्यक्ष प्रचण्डले अस्वीकार गर्दै आफ्नो पार्टीले महिलालाई कारबाहीको निशाना नबनाएको दाबी गर्दै आउनुभएको छ । तर माओवादी अध्यक्षको उक्त दाबीलाई महिलावादीहरूले अस्वीकार गर्दै आइरहेका छन् ।

माओवादीको दीर्घकालीन जनयुद्ध सुरु भएयता राज्य पक्षले माओवादी कार्यकर्तालाई भात खुवाएको, बास दिएको र माओवादी पक्षबाट पार्टीको सूचना सुरक्षाफौजलाई दिएको, कार्यकर्ता गिरफ्तार गराएको, सुराकी गरेर हत्या गराएको आरोपमा दुवै पक्षबाट महिलालाई नै पीडित बनाइएको छ ।
माओवादी संघर्षका क्रममा राज्य र माओवादी पक्षबाट महिलाहरूमाथि यौन(दुर्व्यवहार भएका घटनाहरू पनि प्रकाशमा

नआएका होइनन् । पार्टीभित्र यौन(दुर्व्यवहारका कारण माओवादीले सो पार्टीका पूर्वाञ्चल क्षेत्रीय ब्युरोका प्रमुख यानप्रसाद गौतम ‘आलोक’ लाई कारबाही गरेको थियो । यसैगरी गोरखाकी शिक्षिका कमला भट्टलाई सुरक्षाकर्मीले सामूहिक बलात्कार गरी खोलाको किनारमा हत्या गरेको कुरा प्रकाशमा आएको थियो । त्यस्तै दोलखाकी देवी खड्कालाई जनयुद्धको थालनीको लगत्तै हिरासतभित्रै डीएसपीले बलात्कार गरेका थिए । ती पीडित महिलाले अत्यन्त हिम्मतका साथ राजधानीमा पत्रकार सम्मेलन गरी कारबाहीको माग गरिन् तर पीडक डीएसपीलाई सरकारले कुनै कारबाही गरेन । माओवादीले पार्टीको जिम्मेवार नेतालाई कारबाही गरेपछि सरकारले पनि त्यस कुराको अनुशरण गर्नुपर्दथ्यो, त्यो गर्न सकेन । त्यसले पनि प्रहरीको छविलाई धमिल्याउने काम गरेन भन्न सकिन्न ।

८ वर्षदेखि हिंसाको दलदलमा फसेर मृत्युसँग संघर्ष गरिरहेका महिलाहरूले अहिले आएर शान्तिको सास फेर्न पाएका छन् । अहिलेको प्रस्तावित शान्तिवार्तामा युद्धबाट पीडित महिलाहरूलाई पुनर्स्थापना गर्नेबारेमा छलफल हुन आवश्यक छ । प्रस्तावित वार्तामा युद्धबाट पीडित महिलाहरूका विषयमा कुरा उठाइने दाबी सरकारी वार्ताटोलीका सदस्य तथा सञ्चारमन्त्री कमल थापा गर्नुहुन्छ ।
वार्तामा युद्धबाट पीडित महिलाहरूलाई पुनर्स्थापित गर्नुपर्छ भन्दै राष्ट्रिय महिला आयोगलगायतका विभिन्न संघसंगठनले सरकार(माओवादी दुवै पक्षलाई दबाब दिँदै आएका छन् । तर, सरकार(माओवादीका बीचमा भएको पहिलो र दोस्रो चरणको वार्तामा महिलाका विषय समावेश नभएकोमा आपत्ति जनाउनुहुन्छ राष्ट्रिय महिला आयोगकी अध्यक्ष डा. दुर्गा पोखेल । अब हुने भनिएको तेस्रो चरणको वार्तामा युद्धबाट पीडित महिलालाई पुनर्स्थापना गर्ने विषयमा छलफल गरिनुपर्छ भन्ने विचार माओवादी वार्ताटोलीका प्रवक्ता एवं पोलिटब्युरो सदस्य कृष्णबहादुर महराको छ । माओवादीले पीडित महिलालाई राज्यस्तरबाटै विशेष व्यवस्था मिलाइनुपर्ने अडान राख्दै आए तापनि सरकारी पक्षबाट त्यति ध्यान नदिएको आरोप महराले लगाउनुभयो ।

युद्धमा महिला तथा बालबालिकालाई प्रयोग गर्न नपाइने कुरा बारम्बार उठ्ने गरे तापनि ८ वर्षको बीचमा यस्ता विषयले खासै महत्व पाएन । सरकार(माओवादीका बीचमा छिट्टै तेस्रो चरणको औपचारिक वार्ता हुने कुरा दुवै पक्षले बताइरहेका छन् तर वार्ता कहिले र कहाँ हुने र सो वार्तामा महिलाका कुन(कुन विषय समावेश गरिने भन्ने कुरा स्पष्ट भएको छैन । त्यसले पनि वार्ता(प्रक्रियामा थप अन्योल र आशंका उब्जाएको छ ।

तीस वर्षसम्म सशस्त्र संघर्ष गर्दै आएको सुडान पिपुल्स लिबरेसन आर्मी र सुडान सरकारका बीचमा भएको वार्ताका क्रममा युद्धबाट पीडित महिलाहरूको पुनर्स्थापना गर्ने विषयमा सहमति भइसकेको छ । तर, त्यहाँको वार्ता हालसम्म पनि जारी रहेको छ । साथै श्रीलंका सरकार र लिबरेसन टाइगर्स अफ तमिल इलमका बीचमा पनि युद्धग्रस्त क्षेत्रका महिला र बालबालिकालाई पुनर्स्थापित गर्ने विषयमा सहमति भइसकेको छ । ती महिला तथा बालबालिकालाई पुनर्स्थापना गर्न विश्व बैंकलगायतका दातृ समुदाय तयार रहेको तथ्य बाहिर आइसकेको छ ।
तसर्थ शान्तिवार्ता र युद्धबाट पीडित बनेका महिलाहरूलाई पुनर्स्थापित गर्ने विषयमा भएका महत्वपूर्ण निर्णयलाई कार्यान्वयन गर्न आवश्यक छ । तब मात्र सरकार(माओवादीबीचमा हुने औपचारिक वार्ताबाट पीडित महिलाले वर्षौं अघिदेखि भोग्दै आएको पीडाबाट मुक्ति पाउने छन